लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
## डिभिजन वन कार्यालय दाङ (देउखुरी)
लमही, दाङ

**सामुदायिक वनको कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम) सम्बन्धी प्रस्ताव आव्हानको सूचना !**

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२५

२०८३/१/२५
गणेश बहदुर खड्का
(डिभिजनल वन अधिकृत)

यस कार्यालयको चालु आ.व २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार **समृद्धिको लागि वन कार्यक्रम** तर्फको तपसिलमा उल्लेखित कार्यक्रम सामुदायिक वन उपभोक्ता समुह मार्फत सम्झौता गरी संचालन गर्नुपर्ने भएकोले समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान निर्देशिका,२०७८ अनुसार अनुदान उपलब्ध गराउन सकिने हुँदा समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१ र समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान निर्देशिका, २०७८ मा उल्लेखित व्यवस्था एवं शर्त बमोजिम वन समूहको स्विकृत वन कार्ययोजना वमोजिमको दिगो वन व्यवस्थापनको क्रियाकलापहरुमा कार्य सम्पादनमा आधारित अनुदान सहयोग प्राप्त गर्न इच्छुक र योग्यता पुगेका सामुदायिक वन उपभोक्ता समुहहरुले यो सुचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीमा देहायका कागजातहरु संलग्न राखि प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ । प्रस्तावको छनौट र मुल्यांकन समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१ र समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान निर्देशिका, २०७८ बमोजिम हुनेछ । बिस्तृत जानकारी एवं प्रस्ताव तयारी सहयोग मागको लागि यस कार्यालय अन्तर्गतका सव-डिभिजन वन कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

| सि.नं. | कार्यक्रम / क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | | कार्यविधिमा भएका व्यवस्था तथा शर्तहरू |
|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु (लाख) | |
| १. | सामुदायिक वनको कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम २.७.२५.१९३) | पटक | १ | ६०.०० | (क) सामुदायिक वनको वार्षिक अधिक्तम आम्दानी रू. ५,०००००। (पाँच लाख) भन्दा कम हुने समूहको हकमा ८० प्रतिशत सम्म अनुदान दिन सकिने छ ।<br>(ख) सामुदायिक वनको वार्षिक अधिक्तम आम्दानी रू. ५,०००००। (पाँच लाख) भन्दा बढी हुने समूहको हकमा ५० प्रतिशत सम्म अनुदान दिन सकिने छ ।<br>(ग) संचालन गरिने क्रियाकलाप स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा तथा वार्षिक कार्यक्रममा उल्लेख भएको हुनु पर्ने छ । |

संलग्न हुनुपर्ने कागजातहरु

१. अनुदान कार्यक्रममा सहभागी हुनको लागि कार्यक्रमको प्रस्ताव पेश गर्ने, सम्झौताका लागि प्रतिनिधि तोकि पठाउने र तोकिए बमोजिम लागत साझेदारी गर्ने लगायतका उपभोक्ता समूह/समितिको निर्णय ।
२. गरिने कार्यक्रमको लागत अनुमान प्रचलित निति नियम भित्र रहने गरी समावेश गर्ने ।
३. उपभोक्ता समूहको वार्षिक प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन ।
४. समूहले इच्छा जाहेर गरि अनुदान कार्यक्रममा सहभागी हुनका लागि अनुरोध गरेको पत्र ।
५. सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस पत्र।
६. अनुदान भुक्तानी कार्यक्रम सम्बन्धी प्रचलित नियम तथा शर्तहरुसंग सहमती जनाउने प्रतिबद्धता पत्र ।
७. समुहको बैंक खाता, समुह दर्ता प्रमाण पत्र, टाँचा नविकरण सम्बन्धी कागजात ।

नोटः अन्य विषय समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१ र समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान निर्देशिका २०७८ बमोजिम हुनेछ।